अनुसूची–२
(दफा ४ तथा अनसूची–१ को भाग–१ सँग सम्बन्धित)

भेरीगंगा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः ०६ संख्याः ०२ मितिः २०८०/०३/३१ गते

भाग–१
**भेरीगंगा नगरपालिका**

## भेरीगंगा नगरपालिकाको विनियोजन ऐन, २०८०

**प्रस्तावना,**

भेरीगंगा नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यक्रमका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम भेरीगंगा नगरसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "भेरीगंगा नगरपालिकाको विनियोजन ऐन २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पुँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ७२,३१,६७०३१। (अक्षरुपीः बहत्तर करोड एक्तीस लाख सतसठ्ठी

हजार एक्तीस रुपैया) मा नबढाई निर्दिष्ट गरिएबमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिन्छ।

**३. विनियोजन :**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त भेरीगंगा नगरपालिकाको नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यापालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक शीर्षक वा एक भन्दा बढि शीर्षकबाट अर्को एक वा एक भन्दा बढि शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजीगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजन रकम साँवा भुक्तानी खुद र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिनेछैन। तर चालू तथा पुँजीगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृत लिनुपर्नेछ।



भेरीगंगा नगरपालिका सुर्खेतको विनियोजन ऐन, २०८०

अनुसूची–१

**(ऐनको दफा २ सँग सम्बन्धित)**

**आय तथा व्ययको प्रक्षेपण**

**आ.व. २०८०/०८१**

**आ.व. २०८०/०८१ को बजेट प्राप्तीको अनुमानित आय विवरण :**

| मुख्य शीर्षक | आ.ब. २०८०।०८१ को बजेट अनुमान रु. |
|---|---|
| आयतर्फ | |
| **राजश्व :** | |
| (क) आन्तरिक राजश्व नगर | ३१७८५००० |
| (ख) आन्तरिक आम्दानी (विविध) | ३३१८५८९२ |
| **जम्मा रु.** | ६४९७०८९२ |
| **राजश्व बाँडफाँडबाट प्राप्त आय :** | |
| (क) संघीय सरकार | १२८३७८००० |
| (ख) प्रदेश सरकार (सवारी साधन कर) | ११२३१३९ |
| **जम्मा रु.** | १२९५०११३९ |
| **अन्तरसरकारी बित्तिय हस्तान्तरण :** | |
| (क) नेपाल सरकारबाट प्राप्त | १२६९००००० |
| (ख) प्रदेश सरकारबाट प्राप्त | १५०८७००० |
| **जम्मा रु.** | १४१९८७००० |
| **अन्य आय :** | |
| सशर्त अनुदान (संघीय) | ३३६१००००० |
| सशर्त अनुदान (प्रदेश) | २७१०८००० |
| समपुरक अनुदान (संघीय) | ८०००००० |
| समपुरक अनुदान (प्रदेश) | १००००००० |
| बिशेष अनुदान (संघीय) | ० |
| बिशेष अनुदान (प्रदेश) | ५५००००० |
| वन रोयल्टी | ० |
| **जम्मा रु .** | ३८६७०८००० |
| **कुल जम्मा रु.** | ७२३१६७०३१ |

## आ.व. २०८०।०८१ को अनुमानित ब्यय विवरण :

## भेरीगंगा नगरपालिका, सुर्खेत

| क्र.सं. | मुख्य शीर्षक | बजेट रकम रु. |
|---|---|---|
| १ | नगरपालिका स्तरिय योजना तथा कार्यक्रमहरु | १३८००००० |
| २ | समपुरक कोष (LISP, ASDP, NCCSP, SUSWA, अन्य) | २२०००००० |
| ३ | नेपाल रेडक्रस सोसाईटी, आँखा उपचार केन्द्र छिन्चु | ५००००० |
| ४ | हिमशिखर बहुमुखी क्याम्पस भवन निर्माण | ५०००००० |
| ५ | कृषि क्याम्पस रामघाट भौतिक पूर्बाधार निर्माण | गत वर्षकै बजेटमा क्रमागत गर्ने |
| ६ | नगर अस्पताल जहरे जग्गा खरिद | वडा कार्यालयले जग्गा ब्यबस्थापन गर्ने, यदि ब्यबस्थापन नभएमा हिउँदे नगरसभाबाट जग्गा ब्यबस्थापन गर्ने |
| ७ | न्यायिक समिति | ५००००० |
| ८ | अत्यावश्यकीय कार्य | २००००० |
| ९ | वडागत बजेट सिमा | ७०००००० |
| १० | विषयगत समिति | ५४२००००० |
| ११ | नगर विकास कोष (सावाँ ब्याज भुक्तानी) | १६०३१३९ |
| १२ | नगरपालिका प्रशासनिक भवन निर्माण | १०००००० |
| १३ | नगरपालिका प्रशासनिक खर्च | ११८०००००० |
| १४ | प्रदेश वित्तिय कोषमा जम्मा गर्नुपर्ने | ८६९०००० |
| १५ | कार्यपालिका सदस्य योजना | ५६००००० |
| १६ | लक्षित बर्ग कार्यक्रम | १२००००० |
| १७ | वडा कार्यालय भवन निर्माण वडा नं. ३ र ७ | ३०००००० |
| १८ | उपप्रमुख स्वरोजगार कार्यक्रम | ४०००००० |
| १९ | सशर्त अनुदान (संघ, प्रदेश) | ३६३२०८००० |
| २० | समपुरक कोष (संघ, प्रदेश) | १८०००००० |
| २१ | बिशेष अनुदान (प्रदेश) | ५५००००० |
| २२ | भुक्तानी दिनुपर्ने दायित्व | १८१६५८९२ |
| | **जम्मा रु.** | ७२३१६७०३१ |





## नेपालको संविधानको धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा २, धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) संग सम्बन्धित

## संध, प्रदेश र स्थानिय तहको अधिकारको साझा सूची

| क्र.सं. | विषयहरु |
|---|---|
| १ | सहकारी |
| २ | शिक्षा, खेलकुद र पत्रपत्रिका |
| ३ | स्वास्थ्य |
| ४ | कृषि |
| ५ | विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरु |
| ६ | सेवाशुल्क, दस्तुर, २०८ जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| ७ | वन, जंगल, वन्यजन्तु, चराचुरङ्गी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधिता |
| ८ | खानी तथा खनिज |
| ९ | विपद् व्यवस्थापन |
| १० | सामाजिक सुरक्षा र गरिबी निवारण |
| ११ | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक |
| १२ | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय |
| १३ | सुकुम्बासी व्यवस्थापन |
| १४ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| १५ | सवारी साधन अनुमति |

**नेपालको संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) संग सम्बन्धित स्थानिय तहको अधिकारको सूची**

| क्र.सं. | विषयहरु |
|---|---|
| १ | नगर प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एफ.एम संञ्चालन |
| ४ | स्थानिय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर) सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, मालपोत, दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन |
| ५ | स्थानिय सेवाको व्यवस्थापन |
| ६ | स्थानीय तथ्यांक र अभिलेख संकलन |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु |
| ८ | आधारभूत र माध्यमिक शिक्षा |
| ९ | आधारभूत स्वास्थ्य र सरसफाई |
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाई |
| १२ | गाँऊ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन |
| १४ | घर जग्गाधनी पूर्जा वितरण |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६ | ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन |
| १७ | बेरोजगारको तथ्यांक संकलन |
| १८ | कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण |
| १९ | खानेपानी, साना जलविद्युत आयोजना, बैकल्पिक ऊर्जा |
| २० | विपद् व्यवस्थापन |
| २१ | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| २२ | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |

**आज्ञाले,**
**कृष्णप्रसाद पोखेल**
प्रमुख प्रशासकीय अधिकृत